# नेपाल सरकार, केन्द्रिय दैवी प्रकोप उद्धार समितिले प्रति घर परिवार (घर भत्केको र मर्मत गरेर पनि बस्न नमिल्ने घर) लाई उपलब्ध गराउने रु. १५,०००/– वितरणको मापदण्ड र जिम्मेवारी

## जिल्ला दैवी प्रकोप उद्धार समिति, काभ्रे

१. प्रत्येक न.पा. र गा.वि.स.को वडामा क्षति भएको घर परिवारको विवरण तयार गर्ने । जुन् जुन् वडाको तथ्यांक अद्यावधिक भएको छ सो वडामा रु. १५,०००/– को राहत वितरण कार्य तत्काल सुरु गर्ने ।

२. न.पा.को हकमा प्रत्येक वडामा र गा.वि.स.को हकमा गा.वि.स. स्तरमा क्रियाशिल राजनैतिक दलको सर्वदलिय संयन्त्र बनाउने ।

३. न.पा.को हकमा वडा सचिव र गा.वि.स.को हकमा गा.वि.स. सचिवको संयोजकत्वमा राहत वितरण समिति बनाउने ।

४. राहत वितरण समितिमा स्थानिय प्रहरी र सो क्षेत्रमा खटिएका सेनाका प्रमुखलाई सहभागी गराउने ।

५. घर भत्केर मर्मन गर्न नसकिने घर परिवारलाई अन्यत्र घर नभएको समेत एकिन गरी प्रति परिवार रु. १५,०००/– वितरण गर्ने ।

६. भुकम्प पिडित परिचय पत्र वितरण सँगै राहत रकम पनि वितरण गर्ने ।

७. राहत रकम वितरण गर्नु अघि न.पा./गा.वि.स.को घर पुर्ण क्षति भएको र मर्मत गरी बस्न नसक्ने घरको तथ्यांक र परिवारको अभिलेख उपरोक्त समिति (सर्वदलिय संयन्त्रका प्रतिनिधि समेत) का सबै सदस्यबाट प्रमाणित गराएर मात्र राहत रकम वितरण गर्ने ।

८. परिचय पत्रमा सम्भव भएसम्म घरमुलिको फोटो राख्ने व्यवस्था मिलाउने । तत्काल फोटो प्राप्त हुन नसकेमा बिना फोटो पनि परिचय पत्र वितरण गरी पछि फोटो टाँस्ने व्यवस्था मिलाउने ।

९. राहत लिन योग्य घर मुलिबाट तोकिएको ढाँचा अनुसारको निवेदन प्राप्त गरी राहत वितरणको कार्य अघि बढाउने ।

१०. निवेदनसाथ नेपाली नागरिकताको प्रतिलिपि प्राप्त हुन नसकेमा सो को कैफियत जनाई सर्वदलिय संयन्त्रबाट प्रमाणित गराई सो को अभिलेख राखी राहत वितरण गर्ने ।

११. परिचय पत्रमा यसअघि प्राप्त नगद वा जस्तापाता सहयोगको अभिलेख राख्ने व्यवस्था मिलाउने ।

१२. वितरण गरिने नगद राहतको विवरण अनिवार्य रुपमा परिचय पत्रमा उल्लेख गर्ने ।

१३. झुठा विवरण दिने, सो को लागि सहयोग पुर्‍याउने र झुठा विवरणको सिफारिश गर्ने व्यक्तिको बारेमा तत्कालै जानकारी गराई निजलाई कारवाहीको दायरामा ल्याउने ।

१४. झुठा विवरण दिने व्यक्तिको परिचय पत्र रद्ध गरी भविष्यमा उपलब्ध गराइने राहत, अनुदान र अन्य सुविधाबाट बञ्चित गराउन आवश्यक व्यवस्था मिलाउने ।

१५. प्रत्येक दिन वितरण गरिएको राहत रकमको विवरण अर्को दिन कार्यलय समयभित्रै जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिलाई उपलब्ध गराउने ।

१६. राहत रकम वितरणको सूचना स्थानिय प्रहरी, सेना मार्फत जिल्ला प्रहरी कार्यालय र नेपाली सेना खड्गदल लाई नियमित रुपमा दिने । साथै सो सूचना प्रमुख जिल्ला अधिकारीलाई समेत तत्कालै उपलब्ध गराउने ।

१७. न.पा.का कार्यकारी अधिकृत र गा.वि.स. सचिवले जिल्ला प्रशासन कार्यालयबाट राहत रकम पेश्की स्वरुप प्राप्त गरी रकम वितरण पछि विवरण बुझाई पेश्की फर्छ्यौट गर्ने गराउने ।

१८. राहत वितरणमा कुनै घर परिवारको बारेमा द्धुवीधा उत्पन्न भएमा त्यस्तो अवस्थामा सम्बन्धित घर परिवारलाई राहत वितरण कार्य नगरी जिल्ला दैवी प्रकोप उद्धार समितिमा लेखि पठाउने र प्राप्त निर्देशन बमोजिम गर्ने ।